आज मिति २०७५ साल फाल्गुण महिनाको १६ गते शुक्रवारका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धरज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिलका निर्णयहरू गरियो ।

तपशिल

| दस्तखत | पदाधिकारीको नाम, थर | पद |
|---|---|---|
| | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष १ न. वडा |
| | श्री परशुराम सिग्देल | वडाध्यक्ष २ न. वडा |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष ३ न. वडा |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष ४ न. वडा |
| | श्री डन्डबहादुर राना | वडाध्यक्ष ५ न. वडा |
| | श्री श्री नरबहादुर थापा | वडाध्यक्ष ६ न. वडा |
| | श्री केशमाया थापा | वडाध्यक्ष ७ न. वडा |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य |
| | श्री रेखा वि.क. | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्रबहादुर गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरजबहादुर नेपाली | कार्यपालिका सदस्य |
| | प्र.प्र.अ.श्री मित्रलाल भट्टराई | सचिव |
| आमन्त्रित | | |
| | श्री बिदुर सिग्देल | हे.अ. अधिकृत |

प्रस्तावहरू : : :

१ . शोक प्रस्ताब सम्बन्धमा

२ . नारी दिबसको लागि रकम बिनियोजन गर्ने सम्बन्धमा

३. बर्थिंग सेन्टर , सामुदायिकस्वास्थ्य ईकाई माग गर्ने सम्बन्धमा

४. २५शैय्याको अस्पताल सम्बन्धमा

५. प्रहरी चौकीको लागि जग्गा प्राप्त गर्ने सम्बन्धमा ।

निर्णय नम्बर १

प्रस्ताब नम्बर १ का सम्बन्धमा नेपाल सरकारका माननीय पर्यटनमन्त्री श्री रविन्द्र अधिकारी सहित ७ जना चढेको हेलिकोप्टर यही मिति २०७५ साल फाल्गुन १५ गते ताप्लेजुंगमा दुर्घटनामा परी ७ सात जनाको असामयिक निधन भएकोमा मृतात्माहरूको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली सहित शोक प्रस्ताव पारित गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नम्बर २

प्रस्ताब नम्बर २ का सम्बन्धमा छलफलगर्दा यस बर्षको नारी दिवस भव्य रूपमा मनाउन प्रत्येक वडा कार्यालयको लागि रू.२००००/- बिस हजार रुपैंया मात्र दिने निर्णय गरियो ।

निर्णय नम्बर ३

प्रस्ताब नम्बर ३ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत तपसिलका वडाहरूमा बर्थिंग सेन्टर तथा सामुदायिक स्वास्थ्य इकाई स्थापनाको लागि माग गर्ने निर्णय गरियो ।

वडा नम्बर १ को खाती गाउँमासामुदायिक स्वास्थ्य ईकाई

वडा नम्बर २ को प्यारसिंगमा सामुदायिक स्वास्थ्य ईकाई स्थापना गर्ने

वडा नम्बर ४ को राम्चेस्थित सामुदायिक स्वास्थ्य इकाईमा बर्थिंग सेन्टरको स्थापना गर्ने

वडा नम्बर ५ आग्रीडाडामा सामुदायिक स्वास्थ्य इकाई
वडा नम्बर ७ खमारी स्वाँरामा सामुदायिक स्वास्थ्य इकाई

निर्णय नम्बर ४

प्रस्ताव न.४ माथि छलफल गर्दा यस गाउँपालिकामा कुनैपनि अस्पताल नभएको सन्दर्भमा गाउँपालिकास्तरमा २५ शैयाको अस्पताल आवश्यक भएकोले गाउँपालिका केन्द्र रहेको वडा नम्बर ४ मा गाउँपालिका स्तरीय अस्पताल निर्माणको लागि स्थानीय श्री खिमबहादुर राना स्थानीय श्री शिवबहादुर थापा स्थानीय श्री टेक बहादुर थापा र श्री अनन्त बहादुर थापाबाट कूल १६ रोपनी जग्गासमेत प्राप्त भै गाउँपालिकाको नाममा जग्गापास भैसकेको सन्दर्भमा गाउँपालिका स्तरीय अस्पताल निर्माण गर्ने सम्बन्धमा गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय पोखराबाट प्रस्ताव माग भए बमोजिम अस्पताल स्थापनाको कूल लागतको १० प्रतिशत लागत साझेदारी गर्दै संचालन व्यवस्थापन निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.५

यस गाउँपालिकामा गाउँकार्यपालिकाको नजिक प्रहरी चौकी स्थापना गर्ने प्रयोजनका लागि यस गाउँपालिकाको नाममा जिल्ला मालपोत कार्यालयमा दर्ता कायम रहेको कि.नं.३०६, क्षेत्रफल ३-१४-१-२ र कि.नं.३०८, क्षेत्रफल १-३-०-३ भएको जग्गा उपलब्ध गराउने तथा प्रहरी चौकी भवन निर्माणका लागि कूल लागतको १० प्रतिशत लागत सहभागिता गर्ने निर्णय गरियो ।